# नेपाल राष्ट्र बैंक

## वीरगञ्ज कार्यालय

### मौजुदा सूची दर्ता गराउने बारेको सूचना

(प्रथम पटक प्रकाशित २०७९/०२/१७)

यस कार्यालयले आगामी आ.व.२०७९/८० मा फुटकर रुपमा खरिद गर्ने तपसिल बमोजिमका सामान तथा सेवा आपूर्तिकर्ताको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड व्यक्ति, फर्म, कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयमा मौजुदा सूची (Standing List) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (चौथो संशोधन) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फाराम यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट प्राप्त गर्न सकिने छ। आवेदन पेश गर्दा आवेदन फाराममा उल्लिखित विवरणहरु भरी सही छाप गरी आवश्यक कागजातहरुका साथ पेश गर्नुपर्ने छ। आवेदन फाराममा उल्लिखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन। आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। अन्य आवश्यक जानकारीका लागि यस कार्यालयको आन्तरिक प्रशासन फाँट तथा स्टोर फाँटमा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि.नं. | विवरण | सि.नं. | विवरण |
|---|---|---|---|
| **क.** | **खरिद तथा आपूर्ति तर्फ** | **ग.** | **मर्मत तथा संभार सेवा** |
| १. | स्टेशनरी छपाई तथा फुटकर सामान | १. | इलेक्ट्रोनिक्स उपकरण |
| २. | विद्युतिय सामाग्री | २. | फर्निचर मर्मत सेवा |
| ३. | निर्माण सामाग्री तथा रंगरोगन | ३. | सवारी साधन मर्मत |
| ४. | सवारी साधनको पार्टपूर्जा तथा लुब्रिकेन्ट्स | ४. | विद्युतिय उपकरण (एयरकण्डिसनर जेनेरेटर आदि) |
| ५. | हार्डवेयर तथा फिटीङ्ग | ५. | टेलिफोन मर्मत सेवा |
| ६. | फर्निचर | ६. | इन्टरनेट, कम्प्युटर नेटवर्किङ्ग सेवा |
| ७. | पर्दा, कार्पेट, डोरमेट आदि | ७. | भवन मर्मत तथा संभार सेवा (पाईप तथा पाईप फिटिङ्ग समेत) |
| ८. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, नोट काउन्टिङ मेशिन) | **घ.** | **अन्य सेवा** |
| ९. | पत्रपत्रिका तथा पुस्तकहरु | १. | कुरियर सेवा |
| १०. | फण्ड ढुवानीको लागि बाकस | २. | ढुवानी सेवा |
| **ख.** | **परामर्श सेवा** | | |
| १. | सूचना प्रविधि तथा नेटवर्किङ्ग सेवा | | |
| २. | इन्जिनियरिङ्ग सेवा | | |

नेपाल राष्ट्र बैंक, बीरगञ्ज कार्यालय, आदर्शनगर
फोन नं.: ०५१ ५९११६६, ५९११६३
एक्सटेन्सन नं.: ११४, ११५

**मौज़ुदा सूचीमा समाबेस गर्न पेश गरेको निवेदन**
(आफ्नो लेटर प्याडमा पेश गर्ने)

मितिः–२०७९/०२/...

श्री नेपाल राष्ट्र बैंक
वीरगञ्ज कार्यालय
वीरगञ्ज, पर्सा

विषयःमौज़ुदा सूचीमा समावेश गर्ने सम्बन्धमा ।

महाशय

त्यस कार्यालयबाट मिति २०७९।०२।१६ मा प्रकाशित सूचना अनुसार म/हामी निम्न बमोजिमको कार्यको लागि मौज़ुदा सूचीमा समाबेश हुन ईच्छुक भएकोले यो निवेदन पेश गरेको छु/छौं ।

म/ हामी खरिद कारोवारमा भाग लिन अयोग्य नभएकोले प्रस्तावित खरिद कारोवारमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुर सजाय नपाएको घोषणा गर्दछौं । यसै साथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु यो निवेदन साथ पेश गरेका छौं ।

भवदीय,

हस्ताक्षर..........................
फर्म/संस्था वा कम्पनीको तर्फ बाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको
नाम..............................
पद ..............................

१.मौजुदा सूचीमा पेश गरिएका कागजातहरु ।

| क्र.सं. | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| १ | फर्म संस्था कम्पनी दर्ताको प्रमाणपत्र । | |
| २. | PAN/VAT मा दर्ता भएको पमाण पत्र । | |
| ३ | आ.व.२०७७/०७८ को कर चुक्ता गरेको प्रमापत्र वा कर बिवरण पेश गरेको प्रमाण पत्र । | |
| ४. | कुनै उत्पादनको अधिकृत डिलर एवम् बितरक भए सोको म्याद कायम रहेको प्रमाण पत्र । | |
| ५. | पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र । | |
| ६. | फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना,फोन नं. मोवाईल नम्बर फ्याक्स नम्बर,इमेल,वेवसाईट आदि । | |

२. निवेदकको जानकारी सम्बन्धि विवरण ।

(निवेदकले निवेदन साथ देहायको विवरण भरी पेश गर्नु पर्ने छ ।)

| | | |
|---|---|---|
| १ | निवेदकको नाम | |
| २ | निवेदकको ठेगाना | |
| ३ | निवेदकका टेलिफोन नम्वर | |
| ४ | निवेदकको मोवाईल नम्वर | |
| ५ | निवेदकको इमेल | |
| ६ | निवेदकको फर्म दर्ता भएको जिल्ला | |
| ७ | निवेदकको फर्म दर्ता भएको वर्ष | |
| ८ | निवेदकको फर्म/कम्पनी वा संस्थाको प्रकार | |